O/C

# लेटाङ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## लेटाङ, मोरङ
कोशी प्रदेश, नेपाल

प.सं. २०७९/०८० (शिक्षा)
च.नं. ९४५

मितिः २०८०/०२/१०

विषयः सङ्कल्प कार्यान्वयन सम्बन्धमा।

श्री सबै सामुदायिक विद्यालयहरू,
लेटाङ नगरपालिका, मोरङ।

प्रस्तुत विषयमा यस नगरपालिकाका प्रमुखको अध्यक्षतामा मिति २०८०/०२/०३ गते सबै सामुदायिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक अभिभावक संघका अध्यक्ष र प्रधानाध्यपकहरूको संयुक्त बैठकबाट सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्ने सङ्कल्प गरिएको २३ बुदाँ संलग्न पाना २ कार्यान्वयनका लागि पठाइएको बेहोरा अनुरोध छ।

२/१० 
कृष्णराज राई
उपसचिव

सादर अवगतार्थ
श्रीमान् नगर प्रमुखज्यू लेटाङ नगरपालिका, मोरङ।
श्रीमान् नगर उप प्रमुखज्यू लेटाङ नगरपालिका, मोरङ।
श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू लेटाङ नगरपालिका, मोरङ।

शैक्षिक सुधार सङ्कल्प

## "विद्यार्थीको रोजाइ, अभिभावकको खोजाइ सामुदायिक विद्यालय"

मिति २०८० साल जेठ ३ गते लेटाङ नगरपालिकाका हामी जनप्रतिनिधिहरू, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू, शिक्षक अभिभावक संघका अध्यक्षहरू, प्रधानाध्यापकहरू र सम्वन्धित सरोकारवालाहरू नगरपालिकाका नगर प्रमुख श्री भूपेन्द्र कुमार लावती ज्यूको अध्यक्षतामा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार अभियान अन्तर्गत छलफल अन्तरक्रिया कार्यक्रममा भेला भई तपसिल अनुसार शैक्षिक सुधारका कार्यक्रमहरू सञ्चालन गर्ने सङ्कल्प गर्दछौं ।

तपसिलः

१ नगर र वडामा शिक्षा समिति गठन गर्ने,

२ बालबालिकाको लागि घरपरिवार, समाज, विद्यालय सबैतिर बालमैत्री शैक्षिक वातावरण निर्माण गर्न अभिभावक परिचालन गर्ने,

३ शिक्षकको मनोवल उच्च बनाउन उचित सम्मान, पुरस्कार, आचारसंहिता अनुगमन, दण्ड प्रणाली अवलम्बन गर्ने र शिक्षणलाई प्रविधिमैत्री बनाउन क्षमता विकास तालिमको व्यवस्था गर्ने,

४ विद्यालयहरूमा सिकाइ सुधारका लागि नयाँ प्रविधिको प्रयोग बढाउने र शैक्षिक सामग्री बैंकको व्यवस्था गर्ने,

५ विद्यालयमा प्रारम्भिक बालविकास केन्द्र सहित सबै कक्षालाई बालमैत्री विकास गर्दै खाजा, सुरक्षित पिउने पानी, टेलिभिजन, कम्प्युटर, खेल सामग्री सहित मैदान, शौचालय र विद्यार्थी आराम वा प्राथमिक उपचार कक्षको व्यवस्था गर्ने,

६ विद्यालयमा भर्ना भएका बालबालिकाको प्रगति अभिलेख राखी विद्यार्थी नियमितताका लागि अभिभावकसँग समन्वय गर्ने स्वचालित प्रणालीको विकास गर्ने,

७ विद्यालयहरूले आफ्नो सेवा क्षेत्रभित्रका गाउँ, टोल र समुदायबाट आमा समूह गठन गरी शैक्षिक क्रियाकलापमा उनीहरूलाई परिचालन गर्ने व्यवस्था मिलाई कार्यान्वयन गर्न शिक्षकहरूले सहयोग गर्ने,

८ शिक्षण विधिमा नवीनता ल्याउन आन्तरिक मूल्याङ्कन एवम् प्रयोगात्मक कार्यलाई वस्तुनिष्ठ बनाउने र ल्याबको सुधार गर्ने,

९ बालबालिकाको हरेक क्रियाकलापहरूको व्यक्तिगत अभिलेख (portfolio) को बहुआयामिक उपयोग गर्ने,

१० सबै विद्यालयमा तोकिएको समयमै विद्यालय सुधार योजना अध्यावधिक गरी कार्यान्वयन गर्ने,

११ विद्यालयलाई आकर्षक सिकाइ केन्द्र बनाउन विद्यार्थी समेतको सहभागितामा सरसफाइ, फूलबारी निर्माण र कक्षाकोठाको नियमित सरसफाइ गर्ने,

१२ विषयगत सिकाइ उपलब्धि ७० वा सो भन्दा बढी प्रतिशत पुऱ्याउन विषयगत रूपमा वार्षिक ५ अङ्कले वृद्धि गर्ने लक्ष्यका साथ शैक्षिक योजनाहरू कार्यान्वयन गर्ने,

१३ वि.व्य.स. र प्र.अ. को सक्रियतामा अभिभावक परिचालनका लागि आमा समुह केन्द्रित अभिभावक शिक्षा सञ्चालन गर्ने,

१४ अभिभावक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावका संघको क्षमता अभिवृद्धिको लागि स्वअध्ययन र तालिम सञ्चालन सामग्रीहरू विकास तथा उपयोग गर्ने,

१५ दिवा खाजा वृहत स्वास्थ्यको अवधारणा समेतको आधारमा सन्तुलित र स्थानीय उत्पादनमा आधारित वस्तुको उपयोगमा जोड दिने र स्वास्थ्यमा प्रतिकूल हुने खाना वा खाजा निषेध गर्ने,

१६ नगर र वडा स्तरसम्म शैक्षिक कोषको व्यवस्था गरी आवश्यकताको आधारमा परिचालन एवम् उपयोग गर्ने,

१७ विद्यालयको सम्पत्तिको रूपमा रहेको जमिन लगायत अन्य पूर्वाधारहरूको सुरक्षा, विकास र अधिकतम परिचालन गर्ने प्रणालीको विकास गर्ने,

१८ विद्यालयको आर्थिक पक्ष सबल बनाउन आय प्राप्ति तथा परिचालनमा पारदर्शिता, नियमितता र कार्यदक्षता बढाउन सबै पक्षको समन्वय गरी नवीनतम् क्रियाकलापहरूको माध्यमवाट अभिभावक र समुदायको सहभागिता बढाउने,

१९ शिक्षामा लगानी वृद्धि गर्ने,

२० स्वच्छ प्रतिस्पर्धात्मक शैक्षिक वातावरण निर्माण गरी संघ, प्रदेश, स्थानीय सरकार र विकास साझेदारहरू बीच प्रभावकारी सहकार्य गर्न योजना निर्माण, कार्यान्वयन र अनुगमनमा आधुनिक प्रविधिको उच्चतम् प्रयोग गरी कार्यदक्षता बढाउने,

२१ अनिवार्य आधारभूत शिक्षा कार्यान्वयन गर्न स्थानीय सरकारले सहजीकरण र दण्डात्मक व्यवस्थाहरू गर्ने,

२२ विद्यालय अनुगमनलाई प्रभावकारी बनाउन अत्याधुनिक प्रविधिको प्रयोगको व्यवस्था गरी प्रतिवेदन कार्यान्वयन गर्ने,

२३ शिक्षकहरूले शिक्षासँग सम्वन्धित समितिहरूमा बाहेक कुनै पनि सार्वजनिक पदमा नरहने।

मितिः २०८०।०२।०३

स्थानः कृषि विकास बैंक तालिम केन्द्र, लेटाङ नगरपालिका ६ मोरङ

कृष्णराज दाहाल
उप सचिव (प्रा.)